# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेल: neba@nepalbar.org
neba@nepalbar.org.np
वेब: www.nepalbar.org
www.nepalbar.org.np


प.सं. 068/069

मिति २०७८ मङ्सिर १४ गते ।


केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सचिव
मनोजकुमार चौधरी

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी


## नेपाल बार एशोसिएशनको मिति २०७८ मङसिर १३ गते बसेको केन्द्रीय कार्यसमितिको बैठकद्वारा गरिएको निर्णयका सम्बन्धमा जारि गरिएको

## प्रेश विज्ञप्ती

१. नेबाएको बिगतदेखिको माग/ध्यानाकर्षण बमोजिम सर्वोच्च अदालतमा गोला प्रणालीमार्फत पेशी तोक्ने कार्यको थालनी हुन लागेकोमा हामी स्वागत गर्दछौं । तर सर्वोच्च अदालत आफैले मिति २०७८/०४/१७ गतेका दिन मिति २०७८ मङ्सिर १ गतेदेखि जिल्ला तथा उच्च अदालतमा गोला प्रणाली मार्फत पेशी तोकिने भनि पत्राचार गरेकोमा सो बमोजिम नगरी सर्वोच्च अदालत नियमावली मात्र संशोधन गरिएको र जिल्ला तथा उच्च अदालत नियमावली संशोधन नगरी पूर्व प्रतिवद्धता कार्यान्वयन नगरि उदासिन रहेको पाईएकोले तत्काल जिल्ला, उच्च तथा विशेष अदालत नियमावली संशोधन गरि गोला प्रणाली लागू गर्ने, गराउने व्यवस्था मिलाउन सर्वोच्च अदालत फूलकोर्टसँग जोडदार माग गर्ने । उक्त संशोधन भई नआएसम्म विरोध स्वरुप जिल्ला, उच्च तथा विशेष अदालतहरुमा कालोपट्टी बाँधी दैनिक एक घण्टा धर्ना गरि बाँकी समयमा व्यवसाय गर्न, गराउन सम्पूर्ण एकाईहरुलाई लेखि पठाउने भनी नेबाएबाट मिति २०७८ मङ्सिर १३ मा निर्णय भएकोले सो बमोजिम गर्न, गराउनु हुन हार्दिक अनुरोध गरिन्छ ।

२) मिति २०७८/०८/१५ गतेदेखि सर्वोच्च अदालतमा गोला प्रणालीमार्फत पेशी सूची प्रकाशित हुने भन्ने सार्वजनिक जानकारीमा आएकोले नेबाएले राजीनामा मागी सकेको प्रधान न्यायाधीश चोलेन्द्र शम्सेर ज.ब.रा.ले गोलामा सहभागी नहुन, सहभागी भई ईजलासमा बसेमा उहाँको ईजलासमा अन्य माननीय न्यायाधीशहरुलाई उहाँ सम्मिलित संयुक्त/पूर्ण/संवैधानिक ईजलासमा नबस्न, सुनुवाई नगर्न र उहाँ र उहाँसमेत रहने ईजलासमा बहस पैरवी नगरी सम्पूर्ण कानून व्यवसायीज्यूहरुलाई नेबाएको निर्णय कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुन अनुरोध गर्ने भनी मिति २०७८ मङ्सिर १३ गतेको बैठकको निर्णय भएकोले सो बमोजिम गर्न, गराउन सहयोग गरिदिन सम्बन्धित सबै समक्ष हार्दिक अनुरोध गर्दछौं ।

यहाँको निरन्तर सहयोग र सद्भावका लागि हार्दिक धन्यबाद ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव